# लेखापरीक्षक सूचिकृतको लागि आशयपत्र पेश गर्ने सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मितिः२०८२ भाद्र ३० गते ।

संशोधन सहित प्रकाशन भएको मितिः२०८२ भाद्र ३१ गते ।

भूमिकास्थान नगरपालिका भित्र संचालनरत सामुदायिक विद्यालयहरुको आ.व.२०८१/८२ को वार्षिक लेखापरीक्षण गराउनको लागि, नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा आ.व.२०८१/८२ सम्मको लेखापरीक्षण गराउनको लागि साथै नगरपालिकाको नियमनमा रहेका सहकारी संस्थाको आ.व.२०८२/८३ को वार्षिक लेखापरीक्षणको लागि सहकारी ऐन,२०७४ को पहिलो संशोधन को दफा-५४ बमोजिम नगरपालिका भित्र सूचिकृत लेखापरीक्षकहरु मध्येबाट साधारण सभाले तोकेको लेखापरीक्षकबाट अन्तिम लेखापरीक्षण हुने भएकोले नगरपालिकामा चालू आर्थिक वर्षको लागि लेखापरीक्षक सूचिकृत गर्नुपर्ने भएकोले नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्थाबाट प्राप्त लेखापरीक्षकहरुको अध्यावधिक सूचिभित्र परेका ईच्छुक लेखा परीक्षकहरुले तपसिलमा उल्लेखित प्रमाणहरुको प्रतिलिपि संलग्न राखी प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालयमा आशयपत्र पेश गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

<u>आवश्यक कागजातहरुः</u>

१. लेखापरीक्षकको रुपमा सूचिकृत गरिदिने आशयको निवेदन ।

२. लेखापरीक्षकको परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी ।

३. आ.व.२०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।

४. स्थायी लेखा नम्वर दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

५. पेशागत प्रमाणपत्रको नवीकरणको प्रतिलिपी ।

६. सार्वजनिक निकायमा बहालवाला कर्मचारीको हकमा विभागिय स्वीकृती पत्र ।

७. भूमिकास्थान नगरपालिका भित्र पेशा सञ्चालन गर्ने लेखापरीक्षकहरुको सम्बन्धित वडाबाट जारी भएको व्यवसाय दर्ता प्रमाणपत्र प्रतिलिपी (चालू आ.व.को लागि नवीकरण सहित) अनिवार्य पेश गर्नु पर्नेछ ।

नोटः अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा अर्को कार्यालय खुल्ने दिन सम्म म्याद कायम रहेको मानिनेछ ।

थप जानकारीको लागि यस कार्यालयको शिक्षा,युवा तथा खेलकुद शाखा वा सहकारी ,उद्योग तथा व्यवसाय प्रवर्द्धन शाखा तथा स्वास्थ्य शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

..............................

(जगदिश चन्द्र नेपाली)

प्रमुख प्रशासकीय अधिकृत

**जगदिश चन्द्र नेपाली**